# अपिहिमाल गाउँपालिकाको राजश्व परामर्श समितिको प्रतिवेदन, २०८३

अपिहिमाल गाउँपालिका, खण्डेश्वरी दार्चुला

# बिषय सूची

परिच्छेद-१ ..... ३

परिचय ..... ३

१.१ पृष्ठभूमी ..... ३

१.२ स्थानीय राजस्व परामर्श समितिको संरचना ..... ४

१.३ स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार ..... ५

परिच्छेद-२ ..... ६

राजस्व विवरण ..... ६

२.१ राजस्वको मौजुदा अवस्थाको विश्लेषण ..... ६

२.२ चालु आर्थिक वर्षको राजस्व संकलनको अवस्था ..... ६

२.३ राजस्व संकलनको विवरण ..... ७

२.४ राजस्व नीतिहरु ..... ८

२.५ करका आधारहरु ..... ९

२.६ आगामी आर्थिक वर्षको लागि प्रस्तावित कर तथा गैर कर राजस्व दर ..... १०

२.७ गाउँपालिकामा नयाँ दर्ता हुने व्यवसाय र त्यसको नविकरण सम्बन्धी कर ..... १४

२.८ कवाडी र वस्तुभाउ निकासी कर ..... २२

२.९ भूमि सम्बन्धी समस्या समाधान अन्तरगत अव्यवस्थित बसोबासीहरुको जग्गा दर्ता सिफारिस शुल्क २९

२.१० पर्यटन शुल्क ..... ३०

२.११ प्राकृतिक स्रोत बिक्रि तथा निकासी कर ..... ३०

२.१२ आगामी आर्थिक वर्षको लागि अनुमानित कर तथा गैर कर राजस्व रकम ..... ३२

परिच्छेद-३ ..... ३३

निष्कर्ष तथा सुझाव ..... ३३

३.१ सुधारका लागि सुझावहरु ..... ३३

३.२ राजस्व अभिवृद्धिका लागि वडागत रुपमा सूझावहरु ..... ३४

३.३ निष्कर्ष ..... ३५

# परिच्छेद-१

## परिचय

### १.१ पृष्ठभूमी

स्व-शासनको अधिकारलाई आत्मसात गर्दै वर्तमान नेपालको संविधानले एकात्मक रूपमा संचालन भइरहेको राज्यव्यवस्थालाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यव्यस्थामा परिणत गरेको छ । संविधानको धारा ५६ को उपधारा (१) मा संघीय लोकतान्त्रिक गणतन्त्र  नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तहको हुने व्यवस्था गरेको छ । धारा ५६ को उपधार (२) मा नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम हुने व्यवस्था गरे अनुसार हाल केन्द्रस्तरमा संघ, प्रादेशिकस्तरमा प्रदेश र स्थानीयस्तरमा स्थानीय सरकारहरू संचालनमा रही राज्यशक्तिको प्रयोग भइरहेको छ । संविधानको धारा ५७ मा तीन वटै सरकारका अधिकार क्षेत्रको विभाजन गरिएको छ, जसअनुसार संविधानको अनुसूची ५ मा संघीय सरकारको अधिकार, अनुसूची प्रदेश सरकारको अधिकार, अनुसूची ७ मा संघ र प्रदेश सरकारको साझा अधिकार, अनुसूची ८ मा स्थानीय सरकारको अधिकार र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय सरकारको अधिकारको साझा सूचीको व्यवस्था गरिएको छ । धारा ५७ को उपधारा (६) मा प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्ने र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यस्था छ । त्यस्तै सोही धाराको उपधारा (७) मा गाउँ सभा वा नगर सभाले कानून बनाउँदा प्रदेश कानूनसँग नबाझिने गरी बनाउनु पर्ने र गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था गरिएको छ ।

संविधानको धारा ५९ मा आर्थिक अधिकारको प्रयोग सम्बन्धी व्यवस्था गरेको छ । सो धाराको उपधारा (१) मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने त्यसको कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ, उपधारा (३) मा संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट बनाउने र प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुने व्यवस्था गरिएको छ, उपधारा (४) मा संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्नेछ । त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्ने व्यवस्था गरिएको छ, उपधारा (५) मा संघ, प्रदेश र स्थानीय

तहले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानून बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनु पर्ने संवैधानिक व्यवस्था रहेको छ ।

संविधानको धारा ६० मा राजस्व स्रोतको बाँडफाँड सम्बन्धी व्यवस्था गरिएको छ । यस धाराको उपधारा (१) मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने व्यवस्था गरिएको छ, भने उपधारा (२) मा नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउनु पर्ने संवैधानिक व्यवस्था गरिएको छ ।

संविधानको धारा २२८ मा कर लगाउन वा ऋण लिन नपाइने व्यवस्था गरिएको छ । यस धाराको उपधारा (१) मा कानून बमोजिम बाहेक स्थानीय तहमा कनै कर लगाउन, उठाउन र ऋण लिन नपाईने र उपधारा (२) मा स्थनीय तहले आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सकिने व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-९ मा गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकारक्षेत्र सम्बन्धी व्यवस्था गरिएको छ । यस परिच्छेदको दफा ५४ देखि ६३ सम्म विभिन्न प्रकारका करहरू उठाउन पाउने व्यवस्था गरिएको छ । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद-२ मा राजस्व अधिकार सम्बन्धी व्यवस्था गरिएको छ । सो परिच्छेदको दफा ३ मा कर, गैर कर तथा रोयल्टी लगाउन सक्ने व्यवस्था गरिएको छ । त्यस्तै दफा ४ मा दर करको दर निर्धारणका आधार, दफा ५ मा एकल कर प्रशासन सम्बन्धी व्यवस्था गरिएको छ ।

गाउँ कार्यपालिकाले गाउँ सभामा पेश गर्ने वार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य र आर्थिक ऐनमा समावेश गर्नुपर्ने राजस्वका नीति, कानून, करका दरहरु, संगठनात्मक संरचना कार्य प्रकृया र तिनमा गर्नुपर्ने सुधारका विषयमा गाउँ कार्यपालिकालाई सुझाव दिन स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजस्व सम्बन्धी परामर्शका लागि गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था गरिएको छ ।

## १.२ स्थानीय राजस्व परामर्श समितिको संरचना

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा गाउँपालिकामा राजस्व सम्वन्धी परामर्शका लागि देहाय बमोजिम एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था अनुसार यस अपिहिमाल गाउँपालिकामा उपाध्यक्षको संयोजक्त्वमा ७ सदस्य सहितको राजस्व परामर्श समिति गठन गरेको छ ।

(क) गाउँपालिका उपाध्यक्ष -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) कार्यापालिकाले तोकेको कार्यपालिकाका सदस्य मध्येबाट एक जना महिला सहित दुई जना -सदस्य

(ग) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँपालिका तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(घ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँपालिका तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(ङ) राजस्व शाखा/इकाई प्रमुख -सदस्य-सचिव

## १.३ स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार

(क) राजस्व सम्वन्धी नीति तथा कानूनको तर्जुमा, संसोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श प्रदान गर्ने ।

(ख) राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने ।

(ग) राजस्व दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने ।

(घ) स्थानीय उद्योग तथा व्यापार व्यवसाय प्रवर्द्धन र रोजगारी सृजनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने ।

(ङ) कर राजस्व, गैर कर राजस्व, सेवा शुल्क,दस्तुर आदिको दर निर्धारण सम्वन्धमा परामर्श दिने ।

(च) राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने ।

# परिच्छेद-२

# राजस्व विवरण

## २.१ राजस्वको मौजुदा अवस्थाको विश्लेषण

राजस्व संकलनमा मुख्यतया कर राजस्व र गैर कर राजस्व पर्दछन । कर संकलन गर्दा स्थानीय तहले सबै प्रकारको कर लिन सक्दैन, नेपालको संविधानको धारा ५९, ६० तथा अनुसूची-८ मा उल्लेखित एकल अधिकारको विषयमा, स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद २ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहले नियमानुसार कर संकलन गर्न सक्ने संवैधानिक तथा कानुनी व्यवस्था रहेको छ । यसरी हेर्दा स्थानीय तहले संकलन गर्ने करको योगदान कूल बजेटको तुलनामा सानो देखिन्छ करको आधार विन्दु स्थानीय तह भएकाले कर संकलनमा उपलव्धी भन्दा पनि नजिकको सरकारले करको विषयमा सू-सूचित गर्ने र आम नागरिकहरुलाई कर तिर्ने बानी बसाल्नुनै अहिलेको उपलव्धीको रुपमा हुने देखिन्छ ।

## २.२ चालु आर्थिक वर्षको राजस्व संकलनको अवस्था

गत आर्थिक वर्ष २०८०/०८१ को तुलनामा यस आर्थिक वर्ष २०८१/०८२ श्रावण देखि २०८२ बैशाख मसान्त सम्म कूल राजस्व संकलनमा बढोत्तरी भएको देखिएको छ । गत आर्थिक वर्ष २०८०/०८१ को श्रावण देखि बैशाख महिना सम्ममा रु. ११ लाख ६६ हजार ४७ रुपैया मात्र राजस्व तथा आम्दानी भएकोमा चालू आर्थिक वर्ष २०८१/०८२ को सोहि अवधिमा राजस्व असुलिमा वृद्धि भई रु.१४ लाख १३ हजार ६ सय ४८ रुपैयाँ पुगेको देखिन्छ । चालु आर्थिक वर्षको राजस्व संकलनको अवस्थालाई मध्यनजर गर्दा यहि गतिमा राजस्व संकलनको अवस्था रहे गत आर्थिक वर्ष भन्दा चालु आर्थिक वर्षमा राजस्व तथा आम्दानीको लक्ष्य प्राप्त हुने र आम्दानी वृद्धि समेत हुने अवस्था देखिन्छ ।

# २.३ राजस्व संकलनको विवरण

| | | आन्तरिक आय | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | राजस्व संकेत | शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | प्रस्तावित आय | संशोधित आय | आम्दानी(%) | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) |
| | | आ.व.: | २०८१-०८२ | | | २०८१-०८२ | | | २०८२-०८३ | | |
| १ | ११३१३ | सम्पत्ति कर | ०।०० | १,०२,०५७२ ।६० | - | ०।०० | ७८९९३।०० | - | १९००००।०० | | |
| २ | ११३१४ | भुमिकर/मालपोत | २५२००० ।०० | २०१०६३।२० | ५१.९९ | २५२००० ।०० | १५९९१६।०० | ६३.४६ | २६००००।०० | | |
| ३ | ११३२१ | वहाल कर | १४४००० ।०० | ६०२४१२।०० | ३०३.२९ | १४४००० ।०० | २८०३११।०० | १९४.६६ | ३८००००।०० | | |
| ४ | ११३२२ | वहाल विटौरी कर | १२००० ।०० | २०००।०० | | १२००० ।०० | ०।०० | | ५०००।०० | | |
| ५ | ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ३३६०० ।०० | ४२४२४।०० | - | ३३६०० ।०० | ४३३००।०० | १२८.८७ | ८००००।०० | | |
| ६ | ११६९१ | अन्य कर | १५८४०० ।०० | २९१५३८।०० | १३२.५२ | १५८४०० ।०० | १३३९५०।०० | ८४.५६ | २६००००।०० | | |
| ७ | १४२१३ | अन्य विक्रिबाट प्राप्त रकम | ०।०० | ९००।०० | - | ०।०० | ०।०० | - | ०।०० | | |
| ८ | १४२११ | अन्य सेवा शुल्क तथा बिक्री | ०।०० | १००००।०० | - | ०।०० | ०।०० | - | ०।०० | | |
| ९ | १४२२१ | न्यायिक दस्तूर | ३६०० ।०० | १४००।०० | - | ३६०० ।०० | ०।०० | - | १५००।०० | | |
| १० | १४२२४ | परीक्षा शुल्क | १४४०० ।०० | १२१००।०० | - | १४४०० ।०० | २३००।०० | १५.९७ | २५००।०० | | |
| ११ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४३५६०० ।०० | २६४५५०।०० | ४३.७३ | ४३५६०० ।०० | १४२६९५।०० | ३२.७६ | २५००००।०० | | |
| १२ | १४२४३ | सिफारिश दस्तुर | ११४८४० ।०० | १९६९७०।०० | १२३.४९ | ११४८४० ।०० | १८१७१०।०० | १५८.२२ | २७००००।०० | | |
| १३ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ७९२०० ।०० | १०५८३०।०० | ९६.२१ | ७९२०० ।०० | ७७०१०।०० | ९७.२३ | ९००००।०० | | |
| १४ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३६००० ।०० | १७८७०।०० | ३५.७४ | ३६००० ।०० | १४१९०।०० | ३९.४१ | २५०००।०० | | |
| १५ | १४२४९ | अन्य दस्तुर | १५८४०० ।०० | १२०१५।०० | ५.४६ | १५८४०० ।०० | ३०८७०।०० | १९.४९ | ७००००।०० | | |
| १६ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३९६०० ।०० | ५५००।०० | १० | ३९६०० ।०० | ०।०० | - | ०।०० | | |
| १७ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ६००० ।०० | ७५५०।०० | - | ६००० ।०० | १०४५०।०० | १७४.१७ | १२०००।०० | | |
| १८ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ३२४०० ।०० | २३३७३०।०० | ५१९.४ | ३२४०० ।०० | ०।०० | - | ०।०० | | |
| १९ | १४३१३ | धरौटी सदरस्याहा | ७२०० ।०० | ०।०० | - | ७२०० ।०० | ०।०० | - | ०।०० | | |
| २० | १४६११ | व्यवसाय कर | ४७५२०० ।०० | २३८०८०।०० | ३६.०७ | ४७५२०० ।०० | ७७३५०।०० | १६.२८ | २१००००।०० | | |
| २१ | ३३३४३ | विज्ञापन कर | १२०० ।०० | ६००।०० | - | १२०० ।०० | ०।०० | - | ०।०० | | |
| २२ | १४५२१ | अन्य राजस्व | ०।०० | ५०००।०० | - | ०।०० | १०००।०० | - | २०००।०० | | |
| २३ | १५१११ | बेरूजु | ०।०० | २३७५००।०० | - | ०।०० | १७९६०३ | - | २२००००।०० | | |
| | | जम्मा | २००३६४० ।०० | २४७५३७६।३१ | ९२.२१ | २००३६४० ।०० | १४१३६४८।०० | ७०.५५ | २३२८०००।०० | | |

## २.४ राजस्व नीतिहरु

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि आन्तरिक राजस्व परिचालन नीतिका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

(क) कर सचेतना कार्यक्रम मार्फत सबै नागरिकमा कर तिर्ने प्रवृत्तिको विकास गर्ने ।

(ख) वडा कार्यालय र गाउँ कार्यपालिका कार्यालय बीच परस्पर सहयोग सहकार्य र समन्वयको बातावरण निर्माण गरी सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम राजस्व राजस्व परिचालनमा जोड दिने ।

(ग) राजस्व चुहावट नियन्त्रणका लागि उत्प्रेरणात्मक र दण्डात्मक नीति अंगिकार गरी कर संकलन तथा परिचालनमा प्रदेश सरकार तथा संघीय सरकारलाई सहयोग गर्ने ।

(घ) आन्तरिक राजस्व परिचालनमा दिगो वृद्धि दर हासिल गरी स्थानीय वित्त प्रणालिलाई सुदृढ तुल्याउने गरी राजस्व प्रणालीमा सुधार गर्ने ।

(ङ) स्वच्छ एवं पारदर्शी कर प्रणाली अवलम्वन गर्दै राजस्व प्रणालीलाई समन्यायिक एंव लगानी मैत्री बनाउने ।

(च) आन्तरिक राजस्वका थप स्रोतहरु पहिचान गर्ने ।

(छ) कृषि लगायत अन्य क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई निर्यात प्रवर्द्धन गर्ने ।

(ज) स्थानीय कर प्रणाली बारे आम पेशा व्यवसाय र सर्वधारण नागरिकहरुलाई सू-सुचित गराउने ।

(झ) सार्वजनिक सेवा र राजस्व विचमा तादम्यता कायम गर्दै कर नतिर्ने व्यक्ति वा नागरिक लाई कर नतिरे सम्म सार्वजनिक सेवा बाट बञ्चित गराउने नितिको अवलम्वन गर्ने ।

(ञ) करको दर भन्दा दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लैजाने ।

(ट) राजस्व संकलनका लागि आवश्यक जनशक्ती परिचालन गरी कर दातालाई सहज रुपमा कर तिर्ने वातावरण निर्माण गर्ने ।

(ठ) कर प्रणालिमा प्रक्रियागत सरलीकरणका लागि प्रशासनिक, कानुनी तथा प्राविधिक विषयहरुमा एकरुपता र स्पस्ट हुने गरी सुधारको बाटो अपनाउने ।

(ड) कर दाताले तिरेको करको जानकारी दिने गरी एकिकृत कार्ड बनाई निजलाई उपलव्ध गराईने व्यवस्थाको सुरुवात गर्ने र सोही कार्डको आधारमा सेवा प्रवाह र विकास निर्माणका कार्यमा संलग्न हुने व्यवस्था मिलाउने ।

(ढ) चोरी निकासी/पैठारी र अवैध व्यापार रोकथामका लागि विशेष रणनीति अपनाउने ।

(ण) करदाता तथा आमनागरिकका लागि सूचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमहरुलाई निरन्तर रुपमा सञ्चालन गर्ने ।

(त) कर शिक्षा, सूचना र सचेतना सम्बन्धी कार्यहरु आवश्यक्ता अनुसार निजी, गैर सरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघ संस्थाहरु समेतको सहभागीता र समन्वयमा सञ्चालन गर्ने ।

(थ) कर संकलन तथा प्रतिवेदन प्रणालि लाई सूचना प्रविधि व्यवस्थापन प्रणालीमा आवद्ध गरी व्यवस्थित गर्ने ।

(द) सबै पेशा व्यवसायलाई करको दायरा भित्र ल्याउने ।

## २.५ करका आधारहरु

नेपालको संविधान, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार संचालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ले दिएको अधिकार, राजस्व सम्बन्धी अधिकार, कार्य विस्तृतिकरण प्रतिवेदनमा भएका व्यवस्था अनुसार करका आधारहरु देहाय बमोजिम रहेका छन् ।

**(क) कर**

(१) सम्पत्ति कर,

(२) घर जग्गा बहाल कर,

(३) घरजग्गा रिजिष्ट्रेशन शुल्क,

(४) सवारी साधन कर,

(५) भूमिकर (मालपोत),

(६) मनोरञ्जन कर,

(७) जडिबुटी, कवाडि र जीवजन्तु कर,

(८) व्यवसाय कर,

(९) विज्ञापन कर ।

**(ख) गैर कर**

(१) सेवा शुल्क दस्तुर,

(२) पर्यटन शुल्क,

(३) दण्ड जरिवाना ।

## २.६ आगामी आर्थिक वर्षको लागि प्रस्तावित कर तथा गैर कर राजस्व दर

**सम्पत्ति कर**

| क्र.सं. | विवरण | विस्तृत विवरण | दस्तुर दर | कैफियत |
|---|---|---|---|---|
| १ | **घर कर** | **(क) आवसीय भवन (Per Square Foot)** | | |
| | | Frame Structure | ६।०० | |
| | | Load Bearing Structure | ५।०० | |
| | | जस्ता पाताको छाना भएको भवन | ३।०० | |
| | | माटोको गारोमा निर्माण हुने घरभवन | २।०० | |
| | | घरजग्गा पर्खाल | १।०० | |
| | | **(ख) व्यापरीक भवन (Per Square Foot)** | | |
| | | Frame Structure | ९।०० | |
| | | Load Bearing Structure | ७।०० | |
| | | जस्ता पाताको छाना भएको भवन | ५।०० | |
| | | माटोको गारोमा निर्माण हुने | ३।०० | |

| | | | | |
|---|---|---|---|---|
| | | घरभवन | | |
| | | घरजग्गा पर्खाल | २।०० | |
| २ | घर निर्माण सम्पन्न प्रमाणपत्र दस्तुर | | ५००।०० | |
| ३ | घर निर्माण सम्पन्न प्रमाणपत्र प्रतिलिपि | | २००।०० | |
| ४ | घर निर्माण इजाजत पत्र दस्तुर | | २००।०० | |
| ५ | पक्की घर अभिलेखिकरण | | ५००।०० | |
| ६ | कच्ची घर अभिलेखिकरण | | २५०।०० | |

**साविक अनुसारको घर कर**

| क्र.सं. | विवरण | विस्तृत विवरण | दस्तुर दर | कै |
|---|---|---|---|---|
| १ | घर कर (ऐलानी तथा प्रति जग्गामा) | ढलान भएको घर पक्की १ तले | ११०।०० | |
| | | ढलान भएको घर पक्की २ तले | १७०।०० | |
| | | ढलान भएको घर पक्की ३ तले | २२०।०० | |
| | | सिलेटले छाएको १ तले | ६० | |
| | | सिलेटले छाएको २ तले | ९० | |
| | | सिलेटले छाएको ३ तले | ११० | |
| | | खरले छाएको १ तले | ३० | |
| | | खर वा जस्ता पाताले छाएको १ तले | ६० | |
| | | खर वा जस्ता पाताले छाएको २ तले | ९० | |
| | | खर वा जस्ता पाताले छाएको ३ तले | ११० | |
| | | आधा ढलान आधा ढलान नभएको १ तले | ९० | |
| | | आधा ढलान आधा ढलान नभएको २ तले | ११० | |
| | | आधा ढलान आधा ढलान नभएको ३ तले | १४० | |
| २ | घर निर्माण सम्पन्न प्रमाणपत्र दस्तुर | | ५००।०० | |
| ३ | घर निर्माण सम्पन्न प्रमाणपत्र | | २००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | प्रतिलिपि | | | |
| ४ | घर निर्माण इजाजत पत्र दस्तुर | | २००।०० | |
| ५ | पक्की घर अभिलेखिकरण | | ३०००।०० | |
| ६ | कच्ची घर अभिलेखिकरण | | २०००।०० | |

**भूमी कर**

| क्र. सं. | विवरण | जग्गाको प्रकार | दस्तुर रू. |
|---|---|---|---|
| १ | मालपोत कर | अब्बल | १० रोपनी सम्मको रू. ८० र १० रोपनी भन्दा माथि प्रति रोपनी रू. १० थप |
| | | दोयम | |
| | | सिम | |
| | | चाहार | |
| तर भूमी सम्बन्धी सम्पूर्ण करमा जरिवाना गर्दा देहाय बमोजिम असुल उपर हुनेछ | | | |
| क | पहिलो वर्ष | २० प्रतिशत रकम जोडिनेछ | |
| ख | दोस्रो वर्ष | ३० प्रतिशत रकम जोडिनेछ | |
| ग | तेस्रो वर्ष र सो भन्दा माथी | प्रत्येक वर्ष १० प्रतिशतका दरले हुन आउने रकम जोडिनेछ | |

**वहाल कर**

| क्र.सं. | विवरण | दस्तुर दर | कैफियत |
|---|---|---|---|
| १ | कोठा वा घर | १० प्रतिशतले हुने आउने रकम | |
| २ | जग्गा | १० प्रतिशतले हुने आउने रकम | |
| ३ | गाउँपालिका अन्तरगत विकास निर्माणका योजनाहरुमा व्याक हो-लोडर लगायतका हेवी उपकरण प्रयोग वापत वहाल कर | सम्बन्धित निर्माण कार्यको विलको १० प्रतिशतले हुन आउने रकम | |

**व्यवसाय कर**

घरेलु तथा अन्य निकायमा दर्ता भई गाउँपालिका भित्र संचालन भईरहेका व्यावसायहरूको करका दर

| क्र. सं. | व्यवसायको किसिम | विवरण | दर रू | आ.व. २०८३/०८४को लागि |
|---|---|---|---|---|
| १ | ज्वइलरी सुन चाँदी पसल | थोक/खुद्रा विक्रेता | ४०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| २ | भिडियो क्यामेरा तथा फोटो स्टुडियो | | ११००।०० | २००० |
| ३ | इलेक्ट्रोनिक समानको पसल घडि/रेडियो/टि.भि. मोबाईल मर्मत | | १०००।०० | १५०० |
| ४ | भाँडा पसल | | ११००।०० | १२०० |
| ५ | वित्तीय बैंक नेपाल सरकारको स्वामित्व वाहेक | | १२०००।०० | |
| ६ | बहुउद्देश्यीय सहकारी संस्था | | ३०००।०० | |
| ७ | फाइनान्स कम्पनी शाखा कार्यालय/ लघु वित्त | | ५०००।०० | |
| ८ | औषधी पसल | | ५००।०० | १००० |
| ९ | दाँत बनाउने पसल | | ५००।०० | १००० |
| १० | गैर सरकारी संस्था | | १०००।०० | १५०० |
| ११ | अन्तराष्ट्रिय गै.स.स. | | १६५०।०० | ३००० |
| १२ | मासु पसल | | ७५०।०० | १००० |
| | डेरी पसल | | ६५०।०० | ८०० |
| १३ | कपडा पसल | | ७५०।०० | १००० |
| १४ | सूचिकार/टेलर्स | | १२५०।०० | १५०० |
| १५ | राईस मिल/कुटानी पिसानी | | ५००।०० | १००० |
| १६ | अन्य सबै प्रकारका किराना पसल | | ११००।०० | १५०० |
| १७ | संघ संस्था तथा क्लव दर्ता | | १०००।०० | १५०० |
| १८ | घट्ट | सार्वजनिक | १५०।०० | २०० |
| | | निजी | २००।०० | ५०० |
| १९ | काष्ठ तथा फर्निचर उद्योग | | २५००।०० | |
| २० | पोल्ट्री फर्म | | १४००।०० | १५०० |
| २१ | कृषि फर्म | | ११००।०० | |
| २२ | ऋण तथा वचत सहकारी | | २०००।०० | |
| २३ | मदिरा होलसेल | | १२५००।०० | १५००० |
| २४ | होटेल | | ११००।०० | १५०० |
| २५ | खुद्रा मदिरा पसल | | ३०००।०० | |
| २६ | सुर्ति जन्य पदार्थ व्यवसायिक शुल्क | | २५००।०० | |
| २७ | यूवा क्लव नविकरण | | २५०।०० | ५०० |
| २८ | श्रम सहकारी संस्था | | ३००।०० | ५०० |
| २९ | इन्सिच्युट ट्यसन सेन्टर | | ५००।०० | १००० |
| ३० | सिलिण्डर ग्यास बिक्रि केन्द्र | | १०००।०० | |
| ३१ | सैलुन पसल संचालन | | ३००।०० | ५०० |
| ३२ | व्युटिपार्लर पसल संचालन | | ३००।०० | ५०० |

## २.७ गाउँपालिकामा नयाँ दर्ता हुने व्यवसाय र त्यसको नविकरण सम्बन्धी कर

| क्र.सं. | व्यावसायको किसिम | विस्तृत विवरण | नयाँ दर्ता शुल्क | नविकरण शुल्क | कै |
|---|---|---|---|---|---|
| १ | मदिरा जन्य व्यावसाय | वितरक | ५००००।०० | २५०००।०० | |
| | | थोक | २५०००।०० | १२५००।०० | |
| | | खुद्रा | ६०००।०० | ३०००।०० | |
| २ | चुरोट विडी, सुर्तिजन्य पदार्थ | वितरक | १००००।०० | ५०००।०० | |
| | | थोक | ५०००।०० | २५००।०० | |
| | | खुद्रा | २५००।०० | १२५०।०० | |
| ३ | चिसो पेय पदार्थ | वितरक | २०००।०० | १०००।०० | |
| | | थोक | १५००।०० | ७५०।०० | |
| | | खुद्रा | १०००।०० | ५००।०० | |
| ४ | सुन चाँदी पसल | थोक | १००००।०० | ५०००।०० | |
| | | खुद्रा पसल र मर्मत | ८०००।०० | ४०००।०० | |
| ५ | औषधी पसल | थोक | ३३००।०० | १६५०।०० | |
| | | खुद्रा डाक्टर भएको | २०००।०० | १०००।०० | |
| | | खुद्रा डाक्टर नभएको | १०००।०० | ५००।०० | |
| ६ | मासु विक्री पसल | | १५००।०० | ७५०।०० | |
| ७ | आयुर्वेदिक औषधी पसल | | ५००।०० | २५०।०० | |
| ८ | एग्रोभेट पसल | थोक | २०००।०० | १०००।०० | |
| | | खुद्रा | १०००।०० | ५००।०० | |
| ९ | स्टेशनरी तथा पुस्तक पसल | थोक | १५००।०० | ७५०।०० | |
| | | खुद्रा | १०००।०० | ५००।०० | |
| १० | छपाई तथा प्रकाशन | अफसेट प्रेस | २०००।०० | १०००।०० | |
| | | साधारण प्रेस | १०००।०० | ५००।०० | |
| ११ | मोटर पार्टस | थोक | २०००।०० | १०००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | खुद्रा | १०००।०० | ५००।०० | |
| १२ | प्लाई र ग्यास | थोक | २०००।०० | १०००।०० | |
| | | खुद्रा | १०००।०० | ५००।०० | |
| १३ | कपडा/फैन्सी/व्याग पसल | थोक | ३०००।०० | १५००।०० | |
| | | खुद्रा | १७००।०० | ८५०।०० | |
| १४ | धागो टाँक पसल | थोक | १०००।०० | ५००।०० | |
| | | खुद्रा | ५००।०० | २५०।०० | |
| १५ | इलेक्ट्रोनिक पसल, मोबाईल पसल, घडी, क्यालकुलेटर अडियो भिडियो पसल । | थोक | ५०००।०० | २५००।०० | |
| | | खुद्रा | २०००।०० | १०००।०० | |
| १६ | हार्डवेयर, मेसिनरी स्यानिटरी, मार्बल पसल | थोक | ६०००।०० | ३०००।०० | |
| | | खुद्रा | ३०००।०० | १५००।०० | |
| १७ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५०००।०० | २५००।०० | |
| | | पेट्रोल बिक्री केन्द्र | २०००।०० | १०००।०० | |
| | | ग्यास सिलिन्डर सब डिलर | १०००।०० | ५००।०० | |
| | | मट्टितेल मात्र बिक्री | १०००।०० | ५००।०० | |
| १८ | स्टिल आल्मुनियम पसल | थोक | २०००।०० | १०००।०० | |
| | | खुद्रा | १०००।०० | ५००।०० | |
| १९ | फर्निचर व्यवसाय | थोक | १००००।०० | ५०००।०० | |
| | | खुद्रा | ५०००।०० | २५००।०० | |
| २० | कपडा सिलाई कटाई पसल | टेलरिङ आधुनिक | २५००।०० | १२५०।०० | |
| | | हाते मेसिन | ११००।०० | ५५०।०० | |
| २१ | स्नुक तथा पुल हाउस | | १०००।०० | ५००।०० | |
| २२ | पशु आहार विक्री केन्द्र | | १०००।०० | ५००।०० | |
| २३ | किराना पसल | थोक | ५०००।०० | २५००।०० | |
| | | खुद्रा | २२००।०० | ११००।०० | |
| २४ | फलफुल तथा तरकारी पसल | थोक | १०००।०० | ५००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | खुद्रा | ५००।०० | २५०।०० | |
| २५ | उपहार, गिफ्ट तथा खेलौना पसल | थोक | १०००।०० | ५००।०० | |
| | | खुद्रा | ५००।०० | २५०।०० | |
| २६ | भाडा पसल (स्टिल, प्लाष्टिक, आल्मुनीयम सबैथरी) | थोक | ५०००।०० | २५००।०० | |
| | | खुद्रा | २२००।०० | ११००।०० | |
| २७ | माटाको भाँडा पसल | थोक, खुद्रा | निःशुल्क | निःशुल्क | |
| २८ | विशेषज्ञ, परामर्श तथा अन्य व्यवसायी सेवा | चिकित्सक | ३३००।०० | १६५०।०० | |
| | | कन्सल्टेन्ट सेवा (इन्जिनियरिङ्ग) | ३३००।०० | १६५०।०० | |
| | | कानून व्यवसायी ल फर्म | ३३००।०० | १६५०।०० | |
| | | लेखापरीक्षण व्यवसायी | ३३००।०० | १६५०।०० | |
| | | दन्त चिकित्सा | ३३००।०० | १६५०।०० | |
| | | अनुसन्धानकर्ता परामर्शदाता | ३३००।०० | १६५०।०० | |
| | | पशु चिकित्सक डाक्टर | ३३००।०० | १६५०।०० | |
| | | रोजगार सेवा | २०००।०० | १०००।०० | |
| २९ | ढुवानी तथा ट्रान्सपोर्ट | | २०००।०० | १०००।०० | |
| ३० | पेन्टर साइन बोर्ड लेख्ने | | १०००।०० | ५००।०० | |
| ३१ | खोटो तथा गैर काष्ठ व्यवसाय | | १०००।०० | ५००।०० | |
| ३२ | पोल्ट्री फार्म | | २८००।०० | १४००।०० | |
| ३३ | जग्गा व्यवसायी | | २०००।०० | १०००।०० | |
| ३४ | निर्माण व्यवसायी | | १५०००।०० | ५०००।०० | |
| ३५ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | १०००।०० | ५००।०० | |
| ३६ | बल्भ उद्योग | | २०००।०० | १०००।०० | |
| ३७ | मसला उद्योग | | १०००।०० | ५००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८ | अगरबत्ती उद्योग | | ५००।०० | २५०।०० | |
| ३९ | कपडा काटी सिरक डसना बनाउने पसल | | २०००।०० | १०००।०० | |
| ४० | खानेपानी उपभोक्ता समिति | | १०००।०० | ५००।- | |
| ४१ | निजी विद्यालयको अनुमती | | २५००।०० प्रति कक्षा | १२५०।०० | |
| ४२ | भिडियो क्यामरा तथा फोटो स्टुडियो | | २२००।०० | ११००।०० | |
| ४३ | सुन चाँदी गहना मात्र बनाउने तथा मर्मत गर्ने | | ८८००।०० | ४४००।०० | |
| ४४ | खसी, बोका, कुखुरा, बुंगुर, माछा, मासु (फ्रेस हाउस) बिक्री पसल | | १५००।०० | ७५०।०० | |
| ४५ | कृषि तथा अन्य बन वीउ नर्सरी उत्पादन व्यवसाय | | १०००।०० | ५००।०० | |
| ४६ | माछा पालन व्यवसाय | | १०००।०० | ५००।०० | |
| ४७ | पशुपालन व्यवसाय (गाई, भैसी, बाखा आदि) | | १०००।०० | ५००।०० | |
| ४८ | ग्रिल, रेलिङ्ग तथा वेल्डिङ्ग व्यवसाय | | ३०००।०० | १५००।०० | |
| ४९ | सटरिङ्ग व्यवसाय | | ३०००।०० | १५००।०० | |
| ५० | फर्निचर उद्योग | | ५०००।०० | २५००।०० | |
| ५१ | फलफुल तथा तरकारी पसल | | ५००।०० | २५०।०० | |
| ५२ | बिर्को खोली मदिरा बिक्री गर्ने व्यवसाय तथा होटेल | | २२००।०० | ११००।०० | |
| ५३ | हार्डवेयर पसल | | २०००।०० | १०००।०० | |
| ५४ | सिमेन्ट, सरिया, कर्कट पाता, प्लाईबोर्ड, सिसा आदि सहितको हार्डवेयर | | ५०००।०० | २५००।०० | |
| ५५ | थान कपडा बिक्री पसल | | १५००।०० | ७५०।०० | |
| ५६ | यसमा नखुलेको अन्य व्यवसाय नविकरण मात्र | | १०००।०० | ५००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५७ | बहुउद्देशीय व्यवसाय तथा फर्म दर्ता | | फर्म दर्ता गर्दा लागेको दर्ता शुल्कको ५० प्रतिशत थप दस्तुर लाग्ने छ । | - | |
| ५८ | सामुहिक होमस्टे दर्ता | | ३०००।०० | १५००।०० | |
| ५९ | व्यक्तिगत होमस्टे दर्ता | | २०००।०० | १०००।०० | |
| ६० | उपभोक्ता समिति दर्ता (गा.पा. बाहेक कार्यान्वयन गरिने योजनाको हकमा | | १०००।०० | ५००।०० | |
| ६१ | टोल विकास संस्था दर्ता | | १०००।०० | ५००।०० | |
| सम्पर्ण कर तथा सेवा शुल्कमा जरिवाना गर्दा देहाय बमोजिम असुल उपर गरिनेछ । | | | | | |
| क | पहिलो बर्ष | २० प्रतिशत रकम जोडिनेछ | | | |
| ख | दोस्रो बर्ष | ३० प्रतिशत रकम जोडिनेछ | | | |
| ग | तेस्रो बर्ष देखि माथी | प्रत्येक बर्ष थप १० प्रतिशतले हुन आउने रकम जोडिनेछ । | | | |

**तर गाउँपालिका तथा वडा कार्यालयबाट जारी प्रमाणपत्रको प्रतिलिपि दस्तुर दर्ता शुल्कको ५० प्रतिशत लाग्नेछ ।**

| **उत्पादनमूलक उद्योग सम्बन्धी :** | | | | | कैफियत |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **उत्पादनमूलक उद्योग** | **विवरण** | **दर्ता शुल्क** | **नविकरण शुल्क** | |
| १ | ग्रील उद्योग | | २०००।०० | १०००।०० | |
| २ | जुत्ता उद्योग | | १०००।०० | ५००।०० | |
| ३ | घरेलु कुटिर उद्योग (अगरबत्ती, मैनबत्ती, टीकी, अचार तथा अन्य कुटिर) | | ५००।०० | ३००।०० | |
| ४ | कपडा तथा गार्मेन्ट उद्योग | | ३०००।०० | १५००।०० | |
| ५ | प्रशोधन केन्द्र | | २०००।०० | १०००।०० | |
| ६ | कोल्ड स्टोर | | १०००।०० | ५००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | सिरक डसना उद्योग | | १५००।०० | ७५०।०० | |
| ८ | कुटानी पिसानी मिल/घट्ट | | १०००।०० | ५००।०० | |
| ९ | मसला उद्योग | | ५००।०० | ३००।०० | |
| *तर यदि मसला मिल रहेको मिलबाटै कुटानी पेलानी मिल पनि छ भने कुटानी पेलानी मिलकै व्यवसाय कर लाग्नेछ ।* | | | | | |
| १० | डेरी उद्योग/ व्यवसाय | संकलन | ५००।०० | ३००।०० | |
| | | वितरक | ३००।०० | २००।०० | |
| ११ | उपभोग्य वस्तु उत्पादन उद्योग | बेकरी, कफि सप | १०००।०० | ५००।०० | |
| | | विस्कुट, ससेज | १०००।०० | ५००।०० | |
| | | जाम | १०००।०० | ५००।०० | |
| | | कुकिज नुडल्स | १०००।०० | ५००।०० | |
| | | दालमोट पाउरोटी चाउमीन | १०००।०० | ५००।०० | |
| | | पापड चिप्स फिगर | १०००।०० | ५००।०० | |
| १२ | वनजन्य उद्योग | सःमिल प्लाईउड उद्योग | ५०००।०० | २५००।०० | |
| | | काठ बिक्री डिपो | ३०००।०० | १५००।०० | |
| १३ | क्रसर/कन्क्रीट उद्योग | | ५०००।०० | २५००।०० | |
| १४ | सुर्तिजन्य उद्योग | | ५०००।०० | २५००।०० | |
| १५ | होटल लज रेष्टुरेन्ट | होटल र लज | २२००।०० | ११००।०० | |
| | | भोजनालय | १०००।०० | ५००।०० | |
| | | मिठाई पसल | ५००।०० | ३००।०० | |
| | | पार्टी प्यालेस | २५००।०० | १३००।०० | |
| | | रेष्टुरेन्ट बार | २०००।०० | १०००।०० | |
| | | चिया र खाजा पसल | ५००।०० | २५०।०० | |
| | | साना, खाजा नास्ता पसल | ५००।०० | २५०।०० | |
| १६ | टेन्ट हाउस | | ५०००।०० | २५००।०० | |

| सेवा उद्योग सम्बन्धी | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | सेवा उद्योग | विवरण | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
| १ | सञ्चार | एफ.एम.प्रसारण | २०००।०० | १०००।०० | |
| | | केवुल च्यानल प्रसारण | २०००।०० | १०००।०० | |
| | | पत्रपत्रिका प्रकाशन सेवा | १०००।०० | ५००।०० | |
| | | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | १०००।०० | ५००।०० | |
| | | कुरियर सेवा | ५००।०० | ३००।०० | |
| | | कलर ल्याब/फोटोस्टुडियो | १०००।०० | ५००।०० | |
| २ | वित्तीय | वाणिज्य बैंक प्रति शाखा / केन्द्रिय कार्यालय | २४०००।०० | १२०००।०० | |
| | | विकास बैंक प्रति शाखा / केन्द्रीय कार्यालय | १५०००।०० | ७५००।०० | |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय/ लघु वित्त | १००००।०० | ५०००।०० | |
| | | वित्तीय / ऋण तथा बचत सहकारी संस्था | ४०००।०० | २०००।०० | |
| | | कृषि सहकारी संस्था | ११००।०० | ६५०।०० | |
| | | बहुउद्देश्य सहकारी संस्था | ६०००।०० | ३०००।०० | |
| | | सानाकिसान सहाकरी संस्था | ११००।०० | ६५०।०० | |
| | | विमा कम्पनी | २०००।०० | १०००।०० | |
| | | श्रम सहकारी | ५००।०० | ३००।०० | |
| ३ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | ५०००।०० | २५००।०० | |
| | | क्लिनिक तथा ल्याब | २०००।०० | १०००।०० | |
| | | चस्मा पसल | १०००।०० | ५००।०० | |
| ४ | शिक्षा सेवा निजी | क्याम्पस | २०००।०० | १०००।०० | |
| | | मा.वि. | १५००।०० | ८००।०० | |
| | | आधारभूत | १०००।०० | ५००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्राथमिक | १०००।०० | ५००।०० | |
| | | छात्रावास | १०००।०० | ५००।०० | |
| | | मन्टेश्वरी | ५००।०० | ३००।०० | |
| | | पूर्व प्राथमिक | ५००।०० | ३००।०० | |
| | | टयुशन सेन्टर | १०००।०० | ५००।०० | |
| | | कम्प्युटर / नृत्यकला सिकाई केन्द्र | १०००।०० | ५००।०० | |
| | | तालिम तथा अनुसन्धान केन्द्र | १०००।०० | ५००।०० | |
| ५ | मर्मत सम्भार | टायर (टयुव मर्मत, रिसोलिङ्ग, हावा भर्ने | १०००।०० | ५००।०० | |
| | | इन्जिन मर्मत | १५००।०० | ७५०।०० | |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | ५००।०० | ३००।०० | |
| | | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक) | ५००।०० | ३००।०० | |
| | | मोटरसाइकल मर्मत | ५००।०० | ३००।०० | |
| | | जीप टयक्टर लगायतका सवारी साधन मर्मत | १०००।०० | ५००।०० | |
| | | अन्य विविध मर्मत | ५००।०० | ३००।०० | |
| ६ | ड्राइ क्लिन, व्युटी पार्लर तथा सैलुन | | ५००।०० | ३००।०० | |
| ७ | फूलविरुवा पसल | | ५००।०० | ३००।०० | |
| ८ | गैह्र सरकारी संस्थाहरु | संघ संस्था/यूवा क्लब | ५००।०० | २५०।०० | |
| | | आमा समूह/कृषक समूह | ५००।०० | १००।०० | |
| | | महिला संजाल | ५००।०० | २५०।०० | |
| | | अन्तर्राष्ट्रिय गै.स.स. | ३३००।०० | १६५०।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | राष्ट्रिय | २०००।०० | १०००।०० | |
| | | स्थानीय | १०००।०० | ५००।०० | |
| ९ | कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई व्यावसाय संचालन अनुमति दर्ता दस्तुर | १ लाख सम्मको अधिकृत पूँजी भएको | १०००।०० | ५००।०० | |
| | | १ लाख देखि २५ लाख सम्मको अधिकृत पूँजी भएको | ५०००।०० | २५००।०० | |
| | | २५ लाख देखि १ करोड सम्मको अधिकृत पूँजी भएको | १००००।०० | ५०००।०० | |
| | | ५० लाख देखि १ करोड सम्मको अधिकृत पूँजी भएको | १५०००।०० | ७५०००।- | |
| | | १ करोड देखि १० करोड सम्मको अधिकृत पूँजी भएको | २००००।०० | १००००।०० | |
| | | १० करोड भन्दा माथि जति सुकै अधिकृत पूँजी भए पनि | ३००००।०० | १५०००।०० | |
| १० | कृषि सम्बन्धी व्यावसाय गर्न कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई व्यवसाय संचालन अनुमति दर्ता दस्तुर | जति सुकै अधिकृत पूँजी भए पनि | २५००।- | १२५०।०० | |
| ११ | हातहतियार इजाजत पत्र नविकरण सिफारिस | | | ५००।०० | जरिवाना थप २० प्रतिशत प्रति वर्ष |

## २.८ कवाडी र वस्तुभाउ निकासी कर

| क्र.सं. | करको विवरण | ईकाई | दस्तुर दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कवाडी कर | प्रति कि.ग्रा. | १।०० | |
| २ | च्यांग्रा, बोका, खसी | प्रति गोटा | ७०।०० | |
| ३ | राँगा, भैसी | प्रति गोटा | २८०।०० | |
| ४ | पाठा पाठी बाख्रा | प्रति गोटा | ५०।०० | |
| ५ | घोडा, खच्चर | प्रति गोटा | २८०।०० | |

**सवारी साधन कर**

| क्र.सं. | करको विवरण | प्रति सवारी साधन शुल्क | कैफियत |
|---|---|---|---|
| - | - | - | - |

**विज्ञापन कर**

| क्र.सं. | करको विवरण | प्रति विज्ञापन दस्तुर रू | कैफियत |
|---|---|---|---|
| १ | प्रति होडिङबोर्ड प्रति वर्ग फिट | ५०।०० | |
| २ | रंगिन विज्ञापन फलेक्स प्रति वर्ग फिट | ३०।०० | |
| ३ | अन्य पोष्टर पम्पलेट प्रति वर्ग फिट | १०।०० | |

**मनोरञ्जन कर**

| क्र.सं. | विवरण | दस्तुर दर रू | कैफियत |
|---|---|---|---|
| १ | प्रति सांगितिक महोत्सव | २०००।०० | |
| २ | जादु, सर्कस चटक आदि | २०००।०० | |
| ३ | प्रति खेलकूद कार्यक्रम | २५००।०० | |

**वहाल बिटौरी कर**

| क्र.सं. | करको विवरण | दस्तुर दर रू | कैफियत |
|---|---|---|---|
| १ | टहरो छाप्रोको मासिक | ५००।०० | |
| २ | घुम्ती व्यवसाय/फेरीमा समान बेच्ने (घुमन्ते समान बेच्ने प्रति व्यक्ति) | १०००।०० | |
| ३ | ठेला व्यवसाय मासिक | ३००।०० | |
| ४ | हाटबजारमा आएको प्रति पसल | १०००।०० | |

**पार्किङ्ग शुल्क**

| क्र. सं. | करको विवरण | इकाई | दस्तुर दर रू | कैफियत |
|---|---|---|---|---|
| १ | बस, ट्रक, लरी, हेभी गाडी, ट्याक्टर, जीप | प्रतिदिन | ५०।०० | |
| २ | मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधन | प्रतिघण्टा | १०।०० | |
| नोटः- पार्किङ्ग शुल्क बसपार्क स्थल व्यवस्थित भएपछि मात्र लाग्ने । | | | | |

## सेवा शुल्क दस्तुर

| सिफारिस र प्रमाणित | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | विस्तृत विवरण | दस्तुर दर रू. | नविकरण | कैफियत |
| १ | घर जग्गा नामसारी सिफारिस | | २००।०० | | |
| २ | दान वा बकसपत्र सिफारिस | | ३००।०० | | |
| ३ | अंश बण्डा सिफारिस | | ५००।०० | | |
| ४ | मोही लगत कट्टा सिफारीस | ५ रोपनी सम्मको | ३००।०० | | |
| | | ५ रोपनी भन्दा माथिको | ५००।०० | | |
| ५ | घर कायम सिफारीस | पक्की घर | ३००।०० | | |
| | | कच्ची घर | ११०।०० | | |
| ६ | सरजमिन सिफारीस दस्तुर | कार्यालयमा | २००।०० | | दैवी प्रकोप, मृत्यु विपदमा नलाग्ने |
| | | फिल्डमा | ३००।०० | | |
| ७ | छात्रवृत्ति, सिफारिस | | ५००।०० | | |
| ८ | विपन्न / असहाय विद्यार्थी छात्रवृति सिफारिस | | निःशुल्क | | |
| ९ | अपाङ्गता भएको सिफारिस | | निःशुल्क | | |
| १० | अस्थायी बसोबास सिफारिस | | ११०।०० | | |
| ११ | स्थायी बसोबास सिफारिस | | १७०।०० | | |
| १२ | नागरिकता सिफारिस | वंशज नागरिकता सिफारिस | १००।०० | | |
| | | अंगिकृत नागरिकता सिफारिस | ५००।०० | | |
| | | प्रतिलिपि सिफारिस | २००।०० | | |
| १३ | विद्युत जडान सिफारिस | | १००।०० | | |
| १४ | धारा जडान सिफारिस | | ५०।०० | | |
| १५ | जीवित रहेको सिफारिस | | १००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्म मिति संशोधन सिफारिस | | १००।०० | | |
| १७ | व्यवसाय बन्द सिफारिस | | १००।०० | | |
| १८ | व्यवसाय सञ्चालन नभएको सिफारिस | | १००।०० | | |
| १९ | व्यापार व्यवसाय नभएको सिफारिस | | १००।०० | | |
| २० | कोर्ट फी मिनाहा सिफारिस | | निशुल्क | | |
| २१ | नाबालक परिचय पत्र सिफारिस | | ११०।०० | | |
| २२ | चौपाया सम्बन्धी सिफारिस | | ११०।०० | | |
| २३ | व्यवसाय दर्ता सिफारिस | | ११००।०० | | |
| २४ | उद्योग ठाउँसारी सिफारिस | | ५००।०० | | |
| २५ | विद्यालय ठाउँ सारी सिफारिस | संस्थागत | १०००।०० | | |
| | | सामुदायिक | ५००।०० | | |
| २६ | आन्तरिक बसाइसराई सिफारिस | | ११०।०० | | |
| २७ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्धि सिफारिस | संस्थागत | १०००।०० | | |
| | | सामुदायिक | ५००।०० | | |
| २८ | व्यक्तिगत विवरण सिफारिस | | ११०।०० | | |
| २९ | जग्गा दर्ता सिफारिस | प्रति रोपनी | ११०।०० | | |
| ३० | संरक्षक सिफारिस व्यक्तिगत | | ११०।०० | | |
| ३१ | संरक्षक सिफारिस संस्थागत | | ५५०।०० | | |
| ३२ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | | ११०।०० | | |
| ३३ | कोठा खान तलासी कार्य तथा कोठ खोल्ने कार्य रोहवरमा बस्ने सिफारिस | | ११०।०० | | |
| ३४ | स्वास्थ्य उपचारको | निशुल्क उपचारको | निशुल्क | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सिफारिस दस्तुर | लागि | | | |
| | | सशुल्क उपचारको लागि | निशुल्क | | |
| ३५ | संस्था दर्ता सिफारिस दस्तुर | प्रतिष्ठान, धार्मिक संस्था, क्लव | ३००।०० | | |
| | | संस्था समुह, समिति सहकारी आदि | ५००।०० | | |
| | | बहुउद्देश्यीय सहकारी संस्था | १०००।०० | | |
| | | सानाकिसान सहकारी संस्था | १०००।०० | | |
| | | बचत तथा ऋण सहकारी संस्था | १०००।०० | | |
| ३६ | NGO/संस्था सिफारिस दस्तुर | | ५००।०० | | |
| ३७ | जग्गा धनीपुर्जा हराएको सिफारिस | | २५०।०० | | |
| ३८ | जीवितसँगको नाता प्रमाणित | | ११०।०० | | |
| ३९ | मृतकसँगको नाता प्रमाणित | | ११०।०० | | |
| ४० | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | ३०००।०० | | |
| ४१ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | निशुल्क | | |
| ४२ | जग्गा मूल्याङ्कन सिफारिस / प्रमाणित | प्रतिलाख | ५५०।०० | | |
| ४३ | चारकिल्ला प्रमाणित | | २२०।०० | | |
| ४४ | जन्ममिति प्रमाणित | | ११०।०० | | |
| ४५ | घर बाटो प्रमाणित | बाटो भएको | ११०।०० | | |
| ४६ | विवाह, अविवाहित प्रमाणित | | ११०।०० | | |
| ४७ | कागज मञ्जुरिनामा प्रमाणित | | ११०।०० | | |
| ४८ | हकवाला वा हकदार | | ११०।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रमाणित | | | | |
| ४९ | घर सम्पन्न सिफारीस/ प्रमाणित | पक्की | ५००।०० | | |
| | | कच्ची | २५०।०० | | |
| ५० | अपुताली सिफारिस | | ३००।०० | | |
| ५१ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | | ११०।०० | | |
| ५२ | नक्सा पास निवेदन फाराम दस्तुर | | १००।०० | | |
| ५३ | सरसफाई शुल्क | मासिक | ५०।०० | | |
| | | सरसफाइ कार्डको | १००।०० | | |
| ५४ | घर खाली गराउँदा प्रतिदिन | लागत वाहेक | २००।०० | | |
| ५५ | मृत्यु प्रमाणित | | ११०।०० | | |
| ५६ | कित्ताकाट सिफारिस | | ११०।०० | | |
| ५७ | अंसियार प्रमाणित/सगोल प्रमाणित | | ११०।०० | | |
| ५८ | दलित, जनजाति, जात थर प्रमाणित/सिफारिस | | ११०।०० | | |
| ५९ | एकल महिला प्रमाणित | | निशुल्क | | |
| ६० | भोकचलन प्रमाणित | | ३००।०० | | |
| ६१ | तिनपुस्ते प्रमाणित | | ११०।०० | | |
| ६२ | सीमा बोर्ड पास सिफारिस | | ११०।०० | | |
| ६३ | माल सामान ओसार पोसार सिफारिस | | ११०।०० | | |
| ६४ | अचल सम्पत्ति मूल्यांकन | | ३०००।०० | | |
| ६५ | रकम कलम उठाई असुल गरिदिए वापत | | ११०।०० | | |
| ६६ | व्यावसाय नविकरण | | ५५०।०० | | |
| ६७ | सिफारिस संस्थागत | | ११०।०० | | |
| ६८ | सिफारिस व्यक्तिगत | | ११०।०० | | |
| ६९ | प्रमाणित व्यक्तिगत | | ११०।०० | | |
| ७० | प्रमाणित संस्थागत | | ११०।०० | | |
| ७१ | संशोधन | | ११०।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७२ | उल्लेखित वाहेक अन्य | | ११०।०० | | |
| ७३ | सन्दियार खुलाउने | | २२०।०० | | |
| ७४ | पूर्जामा घर कायम सिफारिस | | २००।०० | | |

*तरः सरसफाइ सम्बन्धी पूर्वाधार बनेपछि कर लाग्नेछ ।*

*तरः माथि उल्लिखित सिफारीस वा प्रमाणहरुको पुनः आवश्यक परेमा पनि सुरु तोकिएको दस्तुर पुनःलाग्नेछ । र उल्लिखित कागजात अंग्रेजी भाषामा आवश्यक परेमा रु ५५०।०० लाग्नेछ । माथि उल्लिखित सिफारीस र प्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्लल आवश्यक परेमा प्रतिपाना १० रुपयाँ दस्तुर लाग्नेछ ।*

**दर्ता शुल्क सम्बन्धीः**

| क.सं. | दर्ता विवरण | अवधी | दस्तुर दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | जन्म दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००।०० | प्रतिलिपि शुल्क रू ५००।०० |
| २ | मृत्य दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००।०० | |
| ३ | बसाइसराई जाने आउने दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००।०० | |
| ४ | सम्बन्ध विच्छेद दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००।०० | |
| ५ | विवाह दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००।०० | |
| ६ | पंजिकरण ढड्डा हेरेको दस्तुर | | २००।०० | |
| ७ | लैंगिक तथा घरेलु हिंसा सम्बन्धी उजुरी तथा मुद्दा दर्ता दस्तुर | | निशुल्क | |
| ८ | अन्य उजुरी तथा मुद्दा दर्ता दस्तुर | | २२०।०० | |
| ९ | खानी, मुहान, बन दर्ता सिफारिस | | १०००।०० | |
| १० | पानी मूल दर्ता | | १०००।०० | |

**अन्य दस्तुर :**

| | | | | |
|---|---|---|---|---|
| १ | योजना सम्झौता दस्तुर/सिफारिस आन्तरिक | १ लाख सम्म निःशुल्क | | गाउँपालिका कार्यालयबाट संचालन हुने योजना तथा कार्यक्रम |
| | | १ लाख देखि ५ लाख सम्म | १०००।०० | |
| | | ५ लाख देखि १० लाख सम्म | १५००।०० | |
| | | १० लाख देखि २० लाख सम्म | २०००।०० | |
| | | २० लाख देखि ५० लाख सम्म | ५०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | | ५० लाख भन्दा माथि | १००००।०० | सिफारिस |
| २ | योजना सम्झौता दस्तुर/सिफारिस वाह्य | १ लाख देखि ५ लाख सम्म | १५००।०० | वाह्य निकायबाट संचालन हुने योजना तथा कार्यक्रम सिफारिस |
| | | ५ लाख देखि १० लाख सम्म | २५००।०० | |
| | | १० लाख देखि २० लाख सम्म | ३५००।०० | |
| | | २० लाख देखि ५० लाख सम्म | ७०००।०० | |
| | | ५० लाख भन्दा माथि | १५०००।०० | |
| ३ | योजना सम्पन्न सिफारिस | १ लाख देखि ५ लाख सम्म | २००।०० | |
| | | ५ लाख देखि १० लाख सम्म | ५००।०० | |
| | | १० लाख भन्दा ठूला | १०००।०० | |
| ४ | आधारभूत तह पास गरेको प्रमाणपत्र/ प्रतिलिपि | | २००।०० | |
| ५ | गाउँ सभा हल भाडा आन्तरिक | प्रति कार्यक्रम, दिन | १०००।०० | |
| ६ | गाउँ सभा हल भाडा वाह्य | प्रति कार्यक्रम, दिन | १५००।०० | |
| ७ | प्रोजेक्टर भाडा | प्रति कार्यक्रम, दिन | ५००।०० | |
| ८ | जेनेरेटर भाडा | प्रति घण्टा | ३५०।०० | |
| ९ | लेवल मेसिन भाडा | प्रतिदिन | १०००।०० | |
| १० | Total Station भाडा | प्रतिदिन | ३५००।०० | |
| ११ | साउण्ड सिस्टम भाडा | प्रति कार्यक्रम, दिन | ५००।०० | |
| १२ | फोटोकपी | प्रति कपी | ५।०० | |
| १३ | जग्गा नाम जाँच, कित्ताकाट दस्तुर | वास नबस्ने स्थानमा गएको | ५००।०० | |
| | | वास बस्ने स्थानमा गएको | १५००।०० | |
| १४ | फर्म, प्रा.लि. सेवा, सप्लायर्स, व्यक्तिले दिने सेवाको सूचीकृत | मालसमान, परामर्श, सेवा सोझै खरिदको सूचीकृतको लागि | १०००।०० | |

## २.९ भूमि सम्बन्धी समस्या समाधान अन्तरगत अव्यवस्थित बसोबासीहरुको जग्गा दर्ता सिफारिस शुल्क

| सि.न | बिबरण | घरेडी (मुख्य सडक) | घरेडी (शाखा सडक) | भिरालो पहाड | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ रोपनि भन्दा कम | २५००।०० | १०००।०० | १००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | १ देखि ५ रोपनी सम्म | ३५००।०० | १५००।०० | १५०।०० | प्रति रोपनी |
| ३ | ५ देखि १० रोपनी सम्म | | | २००।०० | प्रति रोपनी |
| ४ | १० देखि १५ रोपनी सम्म | | | ३००।०० | प्रति रोपनी |
| ५ | १५ देखि २० रोपनी सम्म | | | ५००।०० | प्रति रोपनी |
| ६ | २० देखि माथी | | | ८००।०० | प्रति रोपनी |

- एउटै प्रकृतिको कामको सिफारिसको लागि वडामा शुल्क तिरिसकेको भए गाउँपालिकामा पुनः शुल्क लाग्ने छैन ।
- टेन्डर शुल्क सार्वजनिक खरिद ऐन बमोजिम हुनेछ ।

## २.१० पर्यटन शुल्क

| क.सं. | करको विवरण | दस्तुर दर रु | कैफियत |
|---|---|---|---|
| १ | विद्यार्थी पर्यटकको लागि प्रति व्यक्ति | १०।०० | |
| २ | स्थानीय तथा स्वदेशी पर्यटकको लागि प्रति व्यक्ति | १००।०० | |
| ३ | विदेशी पर्यटक सार्क मुलुकको हकमा प्रति व्यक्ति | २००।०० | |
| ४ | विदेशी पर्यटक सार्क मुलुक भन्दा बाहिरको लागि प्रति व्यक्ति | ३००।०० | |
| ५ | वडा नं.१ को धौलिओडार स्थित पर्यटन विश्राम भवनको प्रतिमहिना भाडा | ४०००।०० | |
| ६ | वडा नं.१ को सिमार स्थित पर्यटन विश्राम भवनको प्रतिमहिना भाडा | २५००।०० | |
| ७ | वडा नं.१ को छिरछिरे स्थित पर्यटन विश्राम भवनको प्रतिमहिना भाडा | २०००।०० | |

## २.११ प्राकृतिक स्रोत बिक्रि तथा निकासी कर

| क. सं. | प्राकृतिक स्रोतको विवरण | एकाई | दस्तुर दर रू | कैफियत |
|---|---|---|---|---|
| १ | सल्लोको काठ तथा अन्य दाउरा | गाउँपालिका अन्तरगतका सामुदायिक बनहरूवाट बिक्री भएको काठ, दाउराबाट प्राप्त राजस्व रकमको १० प्रतिशत | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ख बमोजिम |
| २ | धुपी सल्लाको काठ | | | |
| ३ | निगालो निकासी | प्रति भारी | २०।०० | |

| | | | | |
|---|---|---|---|---|
| ४ | सतुवा, वलैचन, सिलाजित, डोलु, गनानो आदि | प्रति के. जी. | १०।०० | |
| ५ | घनमिटरमा उल्लेख भएका ठूला आयोजनाहरू बालुवा | प्रति घनमिटर | ५००।०० | |
| ६ | साना आयोजना, वालुवा | प्रति कठ्ठा | १०।०० | |
| ७ | घनमिटरमा उल्लेख भएका ठूला आयोजनाहरू गिट्टी | प्रति घनमिटर | ४५०।०० | |
| ९ | साना आयोजना, गिट्टी | प्रति कठ्ठा | १०।०० | |

उपरोक्त करको प्रभावकारी सङ्कलनका लागि प्राथमिकताका आधारमा गर्नुपर्ने क्रियाकलापहरू निम्नानुसार छन्

- आवश्यक जनशक्ति तथा भौतिक सुविधा सहितको राजस्व शाखा गठन गर्ने ।
- एकीकृत सम्पत्तिकर वैज्ञानिक ढङ्गले लागू गर्ने ।
- तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने ।

त्यसैगरी गाउँपालिकाले राजस्व बृद्धि एवम् करको प्रभावकारी सङ्कलनका लागि प्राथमिकताका आधारमा निम्नानुसारका क्रियाकलापहरू गर्न सिफारिस गरिन्छः

- राजस्व परिचालनको लागि आवश्यक जनशक्ति तथा भौतिक सुविधा सहित वर्तमान राजस्व शाखालाई थप सुदृढिकरण गर्ने ।
- राजस्व सम्बन्धी सम्पूर्ण तथ्याङ्क सङ्कलन र अद्यावधिकरण गर्ने र स्वचालित बनाउने ।
- घरबहाल करको प्रगतिशील दर निर्धारण गर्ने साथै बहाल बिटौरी करका क्षेत्रहरूको ठेक्का निर्धारण गर्ने ।
- करदाताहरूलाई अभिमुखीकरण गर्ने तथा करदाताहरूलाई नियमित रूपमा पत्र वा विद्युतीय सूचना पठाउने ।
- लेखा प्रणालीलाई व्यवस्थित गरी पेश्की नियन्त्रण, वैज्ञानिक लेखा प्रणालीको व्यवस्थापन र स्थिर सम्पत्तिहरूको संरक्षण र परिचालन गर्ने ।
- राजस्व प्रणालीलाई अनुमान योग्य बनाउन आवश्यक प्रकृया अगाडि बढाउने ।

## २.१२ आगामी आर्थिक वर्षको लागि अनुमानित कर तथा गैर कर राजस्व रकम

| सि.नं. | राजस्व संकेत नं. | राजस्वका क्षेत्रहरु | गत आ.व. २०८१।८२ को यथार्थ रकम | चालु आ.व. २०८२।८३ को संशोधित अनुमान | आगामी आ.व. २०८३।०८४ को अनुमान | कै. |
|---|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ती कर | १,०२,५७२.६० | १,२०,०००।०० | १,२०,०००।०० | |
| २ | ११३१४ | भुमिकर/मालपोत | २,०१,०६३.२० | २,००,०००।०० | २,१५,०००।०० | |
| ३ | ११३१७ | वहाल कर | ६,०२,४१२।०० | ३,५०,०००।०० | ६,००,०००।०० | |
| ४ | ११६११ | व्यवसायले भुक्तानि गर्ने | २६०२५ | १५,०००।०० | ३०,०००।०० | |
| ५ | ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ३८,९५०।०० | ४०,०००।०० | ५०,०००।०० | |
| ६ | ११६९१ | अन्य कर | २,२१,४८०।०० | २,००,०००।०० | २,७०,०००।०० | |
| ७ | १४२२४ | परीक्षा शुल्क | २,३००।०० | १५४००।०० | २,५००।०० | |
| ८ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १,६७,२९५।०० | २,५०,०००।०० | २,००,०००।०० | |
| ९ | १४२४३ | सिफारिश दस्तुर | २,९३,०८०।०० | ३,७०,०००।०० | ३२,०००।०० | |
| १० | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १,१७,४१०।०० | ९०,०००।०० | १,३०,०००।०० | |
| ११ | १४२४५ | नाता प्रमाणित दस्तुर | २०,१३०।०० | ५०,०००।०० | ३०,०००।०० | |
| १२ | १४२४९ | अन्य दस्तुर | ७२,८८०।०० | २,२०,०००।०० | ९०,०००।०० | |
| १३ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | १६,०५०।०० | १२,०००।०० | २०,०००।०० | |
| १४ | १४५२९ | अन्य राजस्व | ४००।०० | १५,७४०।०० | ०।०० | |
| १५ | १४६११ | व्यवसाय कर | १,०३,९००।०० | १,३०,०००।०० | १,१५,०००।०० | |
| १६ | १५१११ | बेरूजु | १,७९,६०३।०० | ०।०० | ०।०० | |
| १७ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ०।०० | ५,९००।०० | ०।०० | |
| १८ | ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ०।०० | ५००।०० | ०।०० | |
| १९ | १४१२९ | अन्य निकायबाट प्राप्त लाभाशं | ०।०० | ५,०००।०० | ०।०० | |
| २० | १४१९१ | पर्यटन शुल्क | १३,६३०।०० | २०,१६०।०० | ३०,०००।०० | |
| जम्मा | | | २१,७८,३८० | २१०९७०० | २२,२२,५००।०० | |

# परिच्छेद-३

## निष्कर्ष तथा सुझाव

### ३.१ सुधारका लागि सुझावहरु

(१) आवश्यक जनशक्ति तथा भौतिक सुविधा सहितको राजस्व इकाईको क्षमता अभिवृद्धि गर्ने ।

(२) सम्पत्तिकर वैज्ञानिक ढङ्गले लागू गर्ने ।

(३) तथ्यांक संकलन र अद्यावधिक गर्ने ।

(४) राजस्व परिचालनको लागि आवश्यक जनशक्ति तथा भौतिक सुविधा सहित वर्तमान राजस्व इकाईलाई थप सुदृढीकरण गर्ने ।

(५) राजस्व सम्बन्धी सम्पूर्ण तथ्यांक संकलन र अद्यावधिकरण गर्ने र स्वचालित बनाउने ।

(६) घरवहाल करको प्रगतीशिल दर निर्धारण गर्ने साथै वहाल विरौटी करका क्षेत्रहरुको ठेक्का निर्धारण गर्ने ।

(७) करदाताहरुलाई अभिमुखिकरण गर्ने तथा कर दाताहरुलाई नियमित रुपमा पत्र वा विद्युतीय सूचना पठाउने ।

(८) लेखा प्रणालीलाई व्यवस्थित गरी पेश्की नियन्त्रण, वैज्ञानिक लेखा प्रणालीको व्यवस्थापन र स्थिर सम्पत्तिहरुको संरक्षण र परिचालन गर्ने ।

(९) राजस्व प्रणालीलाई अनुमान योग्य बनाउन आवश्यक प्रकृया अगाडि बढाउने ।

(१०) गाउँपालिकामा दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्ने ।

(११) गाउँपालिकाको आय वृद्धिको लागि बजार क्षेत्र भित्र रहेका सार्वजनिक जग्गा तथा मठमन्दिरसँग रहेको सार्वजनिक जग्गाहरुलाई व्यवस्थित गरी व्यवसायिक रुपमा प्रयोग गर्ने व्यवस्था मिलाउने ।

(१२) गाउँपालिकाको स्वामित्वमा रहेको उपयुक्त स्थानमा सटर निर्माण गरी भाडामा लिन सकिने ।

(१३) विलिङ प्रणाली (Billing System) को विकास (जस्तै SMS/Mobile System) गर्ने ।

(१४) राजस्वलाई गाउँपालिकाको सेवा प्रणालिमा आवद्ध गर्ने र करदाता तथा सेवाग्राही सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने ।

(१५) गाउँपालिकाको राजस्व प्रशासन सम्बन्धी कार्य क्रमश वडा तहमा विकेन्द्रिकरण गर्दै लैजाने ।

(१६) निजी क्षेत्र र विभिन्न दातृनिकायहरुबाट सञ्चालन गरिने कार्यक्रम र लगानीलाई गाउँपालिकाको वहुवर्षीय तथा वार्षिक कार्यक्रमसँग आवद्ध गरी स्रोत परिचालन गर्ने ।

(१७) गाउँपालिकाले सञ्चालन गर्दै आएका सम्भाव्य आयोजनाहरुको निर्माण, मर्मत तथा सञ्चालनमा निजी क्षेत्रको सहभागिता बढाउदै लैजाने ।

(१८) प्रविधिको उच्चतम प्रयोग गर्दै गाउँपालिकाको कर प्रणाली र खर्च प्रणालीलाई क्रमश कम्प्युटर सफ्ट्वयर प्रणालिमा लैजाने ।

(१९) व्यवसाय दर्ता प्रक्रियामा नआएका व्यवसायिहरूको दर्ता प्रक्रिया सरलीकरण तथा व्यवसाय दर्ता शिविरको आयोजना गरी व्यवसाय दर्तालाई प्रोत्साहन गर्नु पर्ने ।

## ३.२ राजस्व अभिवृद्धिका लागि वडागत रुपमा सूझावहरु

(१) व्यवसायिक तरकारी, फलफुल, पशुपंछि तथा दुध संकलन केन्द्रको स्थापना गर्न सकिने ।

(२) पर्यटकीय सम्भावना भएको क्षेत्रको पहिचान गरी पिकनिक स्थल तथा पार्क निर्माण गर्ने ।

(३) वडा वासीलाई करको बारेमा जानकारी दिने र नतिर्नेलाई दण्ड तथा जरिवानाको नीति कार्यान्वयन गर्ने ।

(४) आवास क्षेत्र तथा व्यापारिक क्षेत्रको श्रेणी विभाजन गरी घर वहाल कर उठाउन सकिने ।

(५) व्यवसायीहरुलाई करको दायरामा ल्याई कर तिर्न लगाउने नतिर्ने लाई दण्ड तथा जरिवाना लगाउने ।

(६) कर तथा राजस्व सम्वन्धी जनचेतना जगाउने कार्यक्रम गर्ने ।

(७) गाउँपालिका क्षेत्रमा व्यवसाय गर्दा अनिवार्य रुपमा व्यवसाय दर्ता गराएर मात्र गर्ने प्रणाली कार्यान्वयनमा ल्याउने र व्यवसाय दर्ता भए नभएको अनुगमन गर्ने ।

(८) कर दरमा समय सापेक्ष परिमार्जन गर्दै दायरा फराकिलो पार्ने ।

(९) बढी तथा समयमा कर तिर्ने करदातालाई प्रोत्साहनको व्यवस्था गर्ने ।

(१०) राजस्व संकलन कार्यमा संलग्न कर्मचारीको क्षमता अभिवृद्धि गर्ने तथा सूचना प्रविधिको अधिकतम उपायोग गर्ने ।

(११) करदाताको व्यवस्थित अभिलेख गर्ने र त्यसलाई स्वचालित बनाई राजस्व चुहावट नियन्त्रण तथा आन्तरिक लेखा परीक्षणमा जोड दिने ।

## ३.३ निष्कर्ष

नेपालको संविधानको अनुसूची-८, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा नेपाल सरकार कार्य विस्तृतीकरण प्रतिवेदन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेख भए बमोजिम व्यक्तिको अचल सम्पत्तिमा लाग्ने मालपोत, घर जग्गा कर, सम्पत्तिकर, बहालबाट हुने आम्दानी कर, व्यवसाय कर तथा स्थानीय पूर्वाधार सेवा उपयोग र सिफिरिस लगायतमा दस्तुरबाट स्थानीय तहले एकल रुपमा आम्दानी प्राप्त गर्न सक्ने व्यवस्था छ भने मनोरञ्जन कर विज्ञापन कर र सवारी साधन कर लगायतका करहरु प्रदेश सरकारसँग साझा रुपमा आम्दानी संकलन गर्न सक्ने व्यवस्था छ । सोही आधारमा अपिहिमाल गाउँपालिकाले संकलन गरेको कर तथा राजस्वको आम्दानी सकारात्मक दिशाउन्मुख देखिन्छ । साविक स्थानीय निकायको रुपमा सितोला, गुल्जर, घुसा र खण्डेश्वरी गा.वि.स. को आम्दानीको तुलनामा हालको राजस्व तथा आम्दानीको विवरण तुलना गर्दा कर तथा राजस्व संकलन र सदुपयोगमा निकै सुधार आएको मान्न सकिन्छ । यद्यपी अझै पनि सबै व्यक्ति, व्यवसायीहरु करको दायरामा आइसकेको देखिदैन आगामी दिनमा कर प्रणाली र आम्दानीलाई व्यवस्थित गर्न गाउँपालिकाको तर्फबाट केही सुधारोन्मुख कदमहरु चालेको खण्डमा गाउँपालिकाको आन्तरिक आयमा बढोत्तरी हुनुका साथै देशकै कर प्रशासनमा टेवा पुग्ने निष्कर्ष समितिको रहेको छ ।

**राजस्व समितिका पदाधिकारीहरू**

(१) गाउँपालिका उपाध्यक्ष, श्री देबकी देवी बोहरा -संयोजक

(२) प्रमुख प्रशासकीय अधिकृत, श्री लोकेन्दर बहादुर बिष्ट -सदस्य

(३) कार्यपालिका सदस्य, श्री सुर्जना धामी -सदस्य

(४) कार्यपालिका सदस्य, श्री प्रेम कामी -सदस्य

(५) प्रतिनिधि, गा.पा.स्तरीय उद्योग वाणिज्य संघ श्री पोखर सिंह रोकाय -सदस्य

(६) प्रमुख, आर्थिक प्रशासन शाखा इश्वर सिंह धामी -सदस्य सचिव

अपिहिमाल गाउँ सभाको सम्वत् २०८३ असार ०९ गते सोमबारका दिन बसेको बाइसौं अधिवेशनको पहिलो बैठकले राजश्व परामर्श समितिको प्रतिवेदन, २०८३ अनुमोदन सम्बन्धी प्रस्ताव पारित गरेको हुँदा अपिहिमाल गाउँपालिका गाउँ सभा (कार्य सञ्चालन) नियमावली, २०८० को नियम १०१ को उपनियम (१) बमोजिम प्रमाणीत र प्रमाणीकरण गर्दछु ।

.........................................

भक्त सिंह ठेकरे बोहरा

सभाध्यक्ष

अपिहिमाल गाउँपालिका गाउँ सभा

मितिः २०८३।०३।१०